**National Co-operative Federation of Nepal Ltd.**
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

**राष्ट्रिय सहकारी संघ लि. नेपाल**
पुल्चोक, ललितपुर
पो.ब.नं. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncf@nepal.coop
Website: www.ncfnepal.com.np

International Co-operative Alliance

च.नं.: ३०५/०७२/७३

मितिः २०७२/११/११

सम्पूर्ण सदस्य संघहरू

विषयः ५९ औं राष्ट्रिय सहकारी दिवस भव्यताका साथ मनाउने सम्वन्धमा ।

मुलुकमा वि.स. २०१३ साल चैत्र २० गतेका दिन चितवन जिल्लाको बखानपुर ऋण सहकारी संस्था लि. को स्थापना भई नेपालको सहकारी अभियानको शुरूवात भएको हुँदा उक्त ऐतिहासिक दिनको स्मरण गर्दै सदा झैं आगामी २०७२ साल चैत्र २० गते '**५९ औं राष्ट्रिय सहकारी दिवस**' मनाउन लागिएको र उक्त दिवसका सन्दर्भमा वर्षभरिका लागि '**आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी**' भन्ने ध्येय (Theme) तय भएको व्यहोरा सगौरव जानकारी गराउन चाहान्छौं ।

समुदायमा सवल एकताको आधार निर्माण, द्वन्द न्यूनीकरण, रोजगारी सिर्जना, उत्पादन वृद्धि गर्दै गरिवी न्यूनीकरण, सदस्यहरूको शीप, क्षमता तथा नेतृत्व विकास, पिछडिएका वर्ग तथा समुदायको आर्थिक, सामाजिक क्षेत्रमा पहुँच वृद्धिका लागि सहकारी क्षेत्रले उल्लेख्य योगदान पुऱ्याउदै आएको छ । फलस्वरूप नेपालको संविधान, २०७२ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गरेको सन्दर्भमा सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरण गर्दै स्वन्तत्र र आत्मनिर्भर अर्थतन्त्रको लागि सहकारी क्षेत्रको अपरिहार्यता थप महशुस भएको छ । यस अवस्थामा "आर्थिक विकास र सामाजिक रूपान्तरणका लागि सहकारी" भन्ने दिवसको ध्येय सान्दर्भिक रहने विश्वासका साथ यस ध्येयलाई सवै सहकारी संघ/संस्थाले आ–आफ्नो व्यानर, प्रकाशित सामाग्रीहरू लगायतमा वर्षभरि राखि सहकारीको महत्वलाई थप वोध हुने वातावरण सिर्जना गर्न गराउन हुन समेत निर्देशन गर्दछौं ।

यसर्थ सदा झै यस वर्ष २०७२ साल चैत्र २० गते शनिवारका दिन "५९ औं राष्ट्रिय सहकारी दिवस" सहकारी संघ/संस्थाहरू, सहकारीकर्मीहरू तथा सरोकारवाला निकायहरू आपसमा समन्वय गरी स्थानीय स्रोत र साधनको परिचालन गर्दै सवैको सहभागितामा आ–आफ्नो जिल्लामा उत्साह र सक्रियतापूर्वक सहकारी ऱ्याली, झाँकीहरूको प्रदर्शन, सहकारी क्षेत्रबाट उत्पादित वस्तुहरूको प्रर्दशनी तथा विक्रीवितरण, सहकारी निवन्ध/कविता प्रतियोगितात्मक कार्यक्रम, अन्तरकृया, गोष्ठी, रक्तदान, सार्वजनिक स्थल सरसफाई, वृक्षरोपण जस्ता विविध कार्यक्रमहरू संचालन गरी भव्य रूपमा मनाउन हुन हार्दिक आव्हान गर्न चाहान्छौं ।

उक्त दिवसले सम्पूर्ण सहकारीकर्मीहरूमा ऐक्यवद्ध हुन प्रेरित गर्दै आम समुदायमा सहकारीबारे जागरण पैदा गर्न, सरोकारवाला निकाय तथा राज्यलाई यसको महत्वको वारेमा थप बोध गराउन सहयोग पुऱ्याउने हुँदा दिवसलाई पूर्ण सफल वनाउन सम्पूर्ण सहकारीकर्मीहरूको साझा दायित्व भएको व्यहोरा समेत यहाँहरूलाई अनुरोध गर्न चाहान्छौं ।

सदाझैं दिवसको पूर्ण सफलताको कामना सहित सहकारी अभिवादन !

.......................................
(केशव प्रसाद वडाल)
अध्यक्ष

बोधार्थः
श्री सहकारी विभाग
नयाँबानेश्वर, काठमाडौं: मातहतका सम्पूर्ण डिभिजन सहकारी कार्यालयमा आवश्यक सहयोगको लागि परिपत्र गरी दिनहुन ।